६२६

नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १६ गते ०१० साल

भाग १

राज्य–व्यवस्थामन्त्रालयको सूचना

क्याबिनेट सेक्रेटरीको नियुक्ति नभएसम्म उक्त काम चलाउनको लागी विभागीय कार्य–संचालनको साथै क्याबिनेट सेक्रटरीको कार्यसमेत गर्न मन्त्रालयका सेक्रेटरी बृ. ज. तिलकशमशेर थापा क्षत्रीलाई अस्थायी सेक्रेटरीको पदमा नियुक्त गरिएको छ ।

आज्ञाले,

माणिकलाल,

का. मु. सेक्रेटरी,—राज्य—व्यवस्थामन्त्रालय.

(३३)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४७

राज्य–व्यवस्थामन्त्रालयको सूचना

नेपालका ४, ५ जिल्लामा मात्र बैतनिक सल्लाहकारहरू रहेको र ती सल्लाहकारहरू राख्ता सरकारलाई नोक्सानबाहेक फायदा केही नदेखिएकोले जिल्लाका बडाहाकिमहरूले पनि बरु अबैतनिक (अनरेरी) सल्लाहकार राखी तिनीहरूला मिटिंगमा उपस्थित हुन केही बढी खर्च र मिटिंग भएको दिनको लागि केही भत्ता दिनु उचित देखिन्छ भनी सम्मेलनमा प्रस्तावसमेत गरेको हुँदा हाल सरकारले तलबी र बेतलबी दुवै किसिमका सल्लाहकार नराख्ने निश्चय गरेकोले यो सूचना पाएका दिनदेखि सबै सल्लाहकार खारेज गर्ने र नियुक्ति सदर गर्नलाई लेखि आएको समेत नियुक्ति सदर नगर्ने निर्णय भएको छ ।

आज्ञाले,

माणिकलाल.

का. मु. सेक्रेटरी,—राज्य—व्यवस्थामन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको छ मात्र लागु हुनेछ।